नेपाल सरकार

# संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय

सिंहदरबार, काठमाडौं, नेपाल

पत्र संख्या :- ०८३।८४

च.नं. :-

## विज्ञप्ति

२०८३।०५।१० गते भोटेकोशी/त्रिशूली नदीमा आएको अप्रत्याशित बाढीका कारण रसुवा लगायत अन्य जिल्ला एवम् आसपासका क्षेत्रमा भएको मानवीय तथा भौतिक क्षतिप्रति यस मन्त्रालय गहिरो दुख प्रकट गर्दछ। उपरोक्त स्थानहरुमा आपतकालिन अवस्थामा रहेका नागरिक, आन्तरिक तथा बाह्य पर्यटकका साथै तिर्थयात्रीहरूको तत्काल उद्धार गर्नुपर्ने भएको हुँदा नेपाल सरकारका अन्य निकायहरू, प्रदेश सरकार र स्थानीय तह लगायत सरोकारवाला सबैसँग खोज तथा उद्धारका लागी समन्वय र सहजीकरणका लागि यस मन्त्रालयले तत्काल उद्धार, सम्पर्क तथा सहजीकरण सेल गठन गरेको छ।

साथै मन्त्रालयले विपद् प्रभावित क्षेत्रमा रहेका पर्यटकहरूको उद्धार तथा सुरक्षाका लागि सम्बन्धित सबै निकायसँग आवश्यक समन्वय गरिरहेको हुदाँ प्रभावित क्षेत्रमा रहेका पर्यटक, पर्यटन व्यवसायीसँग सम्बन्धित सूचना तत्काल तत्काल उद्धार, सम्पर्क तथा सहजीकरण सेलमा उपलब्ध गराई उद्धार तथा व्यवस्थापन कार्यमा सहयोग पुऱ्याउनु हुन अनुरोध छ।

बाढी तथा विपद्जन्य परिस्थितिमा पर्यटक तथा तिर्थयात्रुहरूको सुरक्षा, उद्धार तथा व्यवस्थापनका लागि मन्त्रालयबाट आवश्यक समन्वय, सहजीकरण तथा सूचना सम्प्रेषणका कार्यहरू निरन्तर रूपमा सञ्चालन गरिने व्यहोरा समेत सम्बन्धित सबैमा जानकारी गराइन्छ।

<u>तत्काल उद्धार, सम्पर्क तथा सहजीकरण सेलमा खटिएका पदाधिकारीहरुको सम्पर्क नम्बरः</u>

१. उपसचिव श्री सविता कार्की, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय (सम्पर्क नं. ९८५११९३८१८)
२. सिनियर एरोनोटिकल इन्जिनियर श्री तनुजा पोखेल, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय (सम्पर्क नं. ९८४३५८१४६६)
३.उपसचिव श्री सुरज घिमिरे, पर्यटन विभाग (सम्पर्क नं. ९८५१०४३७२२)
४.प्रहरी नायव उपरीक्षक श्री विश्वराज अधिकारी, पर्यटन विभाग/पर्यटन प्रहरी इकाई (सम्पर्क नं.९८५१२८९४४४)
५.उप- प्रबन्धक, श्री प्रकाश शर्मा, नेपाल नागरिक उड्डयन प्राधिकरण (सम्पर्क नं. ९८४१६८३५०७ )
६. वरिष्ठ अधिकृत, श्री प्रेम भट्टराई, नेपाल पर्यटन बोर्ड (सम्पर्क नं. ९८४९७६३४९७)
७. ए.टी.सी.अ. श्री सुवर्णराज भट्टराई, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय (सम्पर्क नं. ९८४१३५६२४८)

२०८३ साल भदौ १० गते बुधबार
नेपाल संवत् ११४६ गुंलाथ्व त्रयोदशी।

(जयनारायण आचार्य)
प्रवक्ता